तर एकसय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यायपकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त शन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सकनेछ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ।

तर संख्या दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले संस्थाको सदस्यता लिन बाधा पर्नेछैन।

(५) विषयगत सहकारीको आवश्यकता पहिचान गरेर मात्र दर्ता गरिनेछ। आवश्यकता पहिचान तोकिए बमोजिम हुनेछ। गाउँपालिका स्तरीय समन्वय गर्नको लागि तोकिए बमोजिम सहकारी समन्वय समिति गठन गर्न सकिनेछ।

४. **दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने** : कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन।

५. **दर्ताको लागि दरखास्त दिनुपर्ने** :

(१) यस ऐन बमोजिम गठन भएका सरकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची - १ को ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ।

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण।

६. **दर्ता गर्नुपर्ने** :

(१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजहरू छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिन भित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

